मिति २०८१/०६/१८ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यूको अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | [signature] |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | [signature] |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | [signature] |
| ४ | पूर्ण बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | [signature] |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | [signature] |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | [signature] |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट -७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | [signature] |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | [signature] |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | [signature] |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | [signature] |
| १६ | माया देवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | गा.पा.का. | [signature] |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | गा.पा.का. | [signature] |
| १९ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | गा.पा.का. | [signature] |
| २० | श्री गंगा ब. घले | प्र.ले.अ. | गा.पा.का. | [signature] |
| २१ | रोल नारायण श्रेष्ठ | का.प्र. | गा.पा.का. | [signature] |

*मिति २०८१/०६/१८ गाउँ कार्यपालिका बैठक निर्णय*
*आ.व २०८१/०८२ बैठक संख्या ३*

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. पोषणमैत्री गाउँपालिका कार्यक्रम सम्बन्धमा ।
३. वडागत स्वास्थ्य विमाको नामावली अनुमोदन सम्बन्धमा ।
४. जिल्ला समन्वय समितिमा प्रस्ताव पेश सम्बन्धमा ।
५. शहिद आशाकाजी रंगशाला निर्माण कार्य सम्बन्धमा ।
६. शहिद दिल बहादुर रम्तेल स्मृति पार्कको जग्गा प्राप्ति सम्बन्धमा ।
७. विपद प्रभावितहरुलाई राहत सम्बन्धमा ।
८. मर्मत सम्भार कार्यहरुको छनौट तथा अनुमोदन सम्बन्धमा ।
९. बारपाक सुलिकोट रनिङ शिल्ड सम्बन्धमा।
१०. विविध ।

**निर्णयहरुः**

**निर्णय नं. १)** आ.व २०८१/०८२ मा हाल सम्मको योजना कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो।

**निर्णय नं. २)** पोषणमैत्री गाउँपालिका कार्यक्रमको प्रगति समीक्षा गर्दै निर्धारित कार्यहरु समयमै सम्पन्न गर्न सम्बन्धित शाखालाई निर्देशन एवं परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३)** गत आ.व २०८१/०८२ का लागि स्वीकृत निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमका लागि तपशीलबमोजिम वडागत रुपमा कोटा निर्धारण गर्ने निर्णय गरियो ।

**तपशीलः**

| वडा नं | लाभान्वित संख्या | कैफियत |
|---|---|---|
| १ | ६० | |
| २ | ११५ | |
| ३ | १२२ | |
| ४ | १८० | |
| ५ | १०४ | |
| ६ | १४० | |
| ७ | १३५ | |
| ८ | ११२ | |
| **कूल** | **९६८** | |

**निर्णय नं. ४)** जिल्ला समन्वय समितिको मिति २०८१/०५/२८, प. सं. ०८१/०८२ च. नं. ७७ को पत्रानुसार जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम लागत साझेदारीमा योजना सञ्चालनका लागि प्रस्ताव माग भएबमोजिम निर्देशिकाअनुसार यस गाउँपालिकाले व्यहोर्नुपर्ने लागत अनुमानको ४०% रकम व्यहोर्ने प्रतिद्धता सहित गाउँपालिकाको प्रशासकीय भवन घेराबारका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५)** शहिद आशाकाजी रंगशाला निर्माण कार्यको लागि आवश्यक जग्गाप्राप्ति कार्यमा सहजीकरण गर्न वडा नं ६ का अध्यक्ष श्री बाबुलाल गुरुङको संयोजकत्वमा गठित समितिलाई जग्गाप्राप्तिका लागि जग्गाधनीहरुसंग सहमति लिने कार्य असोज मसान्त सम्ममा सम्पन्न गर्न निर्देशन दिने तथा डि.पी.आर. (DPR) र बाँकी निर्माण कार्य यथाशीघ्र अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६)** शहिद दिल बहादुर रम्तेल स्मृति पार्क निर्माणको लागि आवश्यक रहेको जग्गा बारपाक सुलिकोट गाउँपालिकाको नाउँमा जग्गा प्राप्ति गर्नुपर्ने भएकाले जग्गा प्राप्ति ऐन २०३४ को दफा ३(क) बमोजिमको प्रकृया अगाडि बढाउनको लागि संघीय मामिला तथा सामान्य प्रशासान मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७)** मनसुनजन्य विपद प्रभावितहरुको अनुगमनका लागि गाउँपालिका उपाध्यक्ष श्री सनमाया गुरुङको संयोजकत्वमा गठित अनुगमन समितिको स्थलगत निरिक्षण प्रतिवेदनअनुसार १ लाखभन्दा कमको मुल्याङ्कनमा बढीमा पचास प्रतिशत वा पचास हजार रुपैयाँ सम्म र १ लाख भन्दा माथिको मुल्यांकनमा बढीमा पचास हजार रुपैयाँसम्मको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८)** साउन,भाद्र र असोजको बर्षातले क्षति पुगेका तपशीलका सार्वजनिक संरचनाहरुको आवश्यक मर्मत संभार गरी सोवापतको खर्च मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

<u>**तपशीलः**</u>

क. वडा नं १ को मर्कङ खोल्सा जाने जाने बाटो मर्मत - रु ५ लाख

ख. वडा नं ३ को ठूलो खोला पहिरो नियन्त्रण — रु १ लाख

ग. वडा नं ४ को ओराखोला पहिरो नियन्त्रण - रु ५० हजार

घ. सबै वडाका पहिरोको जोखिम भएका स्थानमा अम्रिसो र नेपियर घाँस रोपण कार्यक्रमको मूल्यांकनबमोजिमको रकम

**निर्णय नं. ९)** पाँचौं बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगित स्थानीय शिक्षा समिति र प्रधानाध्यापक बैठकको सिफारिस बमोजिम कार्तिक ८, ९ र १० गते शहीद आशाकाजी श्रेष्ठ स्मृति रंगशालामा गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १०) विविध ।

क) **नेपालीहरुको महान पर्व बिजयादशमी २०८१** को अवसरमा गाउँपालिका परिवार, गाउँपालिका क्षेत्रका सम्पूर्ण कार्यालय, सुरक्षा निकाय, शुभचिन्तक, व्यावसायी लगायत देश विदेशमा रहनुभएका सम्पूर्ण गाउँपालिकावासीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिका कामना गर्दै शुभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत रहेका बारपाक प्रहरी चौकी, ताकुकोट प्रहरी चौकी र सौरपानी प्रहरी चौकी लाई दशैंको उपलक्ष्यमा मौलो पूजाका लागि रु १००००|-(अक्षेरूपी दश हजार मात्र) का दरले र कारागार कार्यालय गोरखालाई रु ११०००|-(अक्षेरूपी एघार हजार) बराबरको बोका विविध खर्च शीर्षकबाट खर्च हुने गरि सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ग) बाह्रमुले खानेपानी आयोजना बर्षायामको बाढीले सञ्चालनमा आउन नसकी महशुल संकलन -नहुँदा तहाँ कार्यरत कर्मचारीहरुलाई उक्त आयोजनाले नियमित सेवा सुविधा उपलब्ध गराउन नसकेकाले तहाँ कार्यरत कर्मचारीहरुको भाद्र र असोज महिनाको स्केलबमोजिमको सेवा सुविधा अनुसार आईतमान कामीलाई रु ३० हजार र सन्तोष बरामलाई रु ३४ हजार विविध खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**घ)** विविध शिर्षकबाट खर्च हुने गरि बारपाक बहुप्राविधिक शिक्षालयको कृषि फर्म हेरालुलाई साउन र भाद्र महिनाको ज्याला रु.५६७००/- (अक्षेरूपी छपन्न हजार सात सय मात्र) सहयोग गर्ने निर्णय गरियो |

**ङ)** वडा नं १ बारपाक बस्ने धनसिं सुनारको छोरा वर्ष ४९ को शुक बहादुर सुनार आँखाको रोगबाट पीडित भई कमजोर आर्थिक अवस्थाका कारणले उपचारमा समस्या भएकाले निजलाई रु ३० हजार उपचार खर्च सहयोग गर्ने निर्णय गरियो ।

च) बारपाक सुलिकोट ईसाई समाजलाई जवान जागृति सेवा कार्यक्रम सञ्चालनका लागि रु ३० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

छ) यस वर्ष बर्षायाममा पानी धेरै परि जहाँतहीँ बाढीपहिरो गई यस कार्यालयको ब्याकहो लोडर अत्याधिक परिचालन हुँदा विभिन्न पार्टपुर्जा मर्मत गर्दा लागेको रु ७,९४,८१९.४३ (सात लाख चौरानब्बे हजार आठ सय उन्नाईस रुपैयाँ त्रिचालिस पैसा) मात्र IME Automotives Pvt. Ltd., Kathmandu लाई भुक्तानी गर्ने निर्णय गरियो ।

ज) बारपाक सुलिकोट गाउँपालिकाको वडा नं ५ लाकुरीबोटमा डिल कुमारी थापाको धन्सार मिति २०८१/०४/०९ बाट परेको अविरल वर्षाको कारण क्षति भएको भन्ने निवेदनको आधारमा यस कार्यालयबाट अनुगमन हुँदा सोको मर्मत कार्य समेत सम्पन्न भैसकेकोले निजलाई राहत स्वरुप रु. ३५,००० |- उपलब्ध गराउन गाउँ कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।